फलेवास नगरपालिका, खानीगाउँ, पर्वत

# नगर कार्यपालिकाको बैठक

२०७९।०५।२५ गते शनिबार

निर्णयहरू

१. सन्नीकट वडा दशैं, तिहार, छठ पर्वहरूको अवसरमा सबै फलेवास नगरवासी दाजुभाइ तथा दिदीवहिनीहरू समेत सम्पूर्ण नेपालीजनमा मंगलमय शुभकामना व्यक्त गर्ने ।

२. नजिकै आउँदै गरेका २०७९ सालका महान चाडपर्वहरू बडा दशै, तिहार तथा छठ समेत सबै चाड पर्वहरूमा फलेवास नगरपालिकाभित्र सडक आवागमनलाई सहज र सुरभ र थप व्यवस्थित बनाउने । सो कार्यका लागि नगरपालिकाको केन्द्रबाट वडा कार्यालयसम्म जाने मुख्य सडक तथा सबै वडाभित्रका सहायक सडकहरूलाई प्रभावकारी रूपमा मर्मत सम्भार गर्ने । सबै बस्तीहरूमा सवारी साधनको सहज पहुँच स्थापित गर्ने । चाडपर्व मनाउन टाढा टाढाबाट आउने नागरिकहरूलाई सवारी आवागमनमा कुनै प्रकारको हैरानी नहुने गरी सडकहरू व्यवस्थित गर्ने । सो कार्य भोलिबाटै प्रारम्भ गर्ने ।

३. फलेवास नगरपालिकामा इलाका प्रहरी कार्यालय स्थापनाको लागि आवश्यक प्रकृया अघि बढाउने । उक्त कार्यका लागि आवश्यक पर्ने जग्गाको खोज गर्ने, जग्गाको व्यवस्थापन गर्ने ।

४. फलेवास नगरपालिका वडा नं. ३, ७ लगायतका प्रहरी चौकी नभएका वडाहरूको शान्ति सुरक्षाको प्रत्याभूतिको लागि ती वडाहरूमा प्रहरी चौकी स्थापनाको लागि प्रकृया अघि बढाउने ।

५. फलेवास नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको तलबी प्रतिवेदन कानून बमोजिम पारित गर्ने ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९।८० का लागि सबै वडाहरूबाट प्राप्त हुन आएका योजनाहरूलाई स्वीकृत गर्ने र ती आयोजनाहरूको काम अघि बढाउने । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका स्वीकृत आयोजनाहरूको आउँदो मंसीर महिनाभित्र सम्झौता गरी फागुन मसान्तभित्र आयोजना सम्पन्न हुनेगरी सबै वडाहरूले कार्य अघि बढाउने । तोकिएको समयसीमाभित्र कार्य हुन नसकेमा त्यस्ता आयोजनाहरूमा विनियोजित बजेट अन्य आयोजनाहरूमा परिवर्तन गर्ने ।

२०७९/०५/२५

नेत्रप्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत

७. वडा नं. ५ र ७ मा वडा कार्यालय निर्माणको लागि आवश्यक पर्ने घडेरीको खोजी गर्ने सम्बन्धमा सम्बन्धित वडा अध्यक्षहरुबाट ठोस प्रस्ताव माग गर्ने।

८. मनमोहन शान्ति बाटिकाको निर्माण कार्यमा उत्पन्न जटिलतालाई समाधान गर्नको लागि सहजीकरण समिति/ समस्या समाधानका लागि सुझाव सिफारिस समिति गठन गर्ने ।

९. फलेवास नगरपालिका क्षेत्रभित्रका सबै जग्गाहरूलाई नेपाल सरकारको निर्णय बमोजिम कृषि क्षेत्र तथा गैर कृषि क्षेत्रमा विभाजन गर्नको लागि नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारका जिल्लास्थित सरोकारवाला निकायहरूसँग समेत छलफल गरी आवश्यक प्रकृया अघि बढाउने ।

१०. मित्रराष्ट्र बेलायतका महारानी एलिजावेथ द्वितीयको दुःखत् निधनमा कार्यपालिकाले शोक प्रस्ताव पारित गर्ने ।

११. फलेवास नगरपालिका वडा नं. ५ का वडा अध्यक्ष श्री नारायणप्रसाद लामिछानेका आमा तथा वडा नं. ८ का वडा सदस्य श्री रीता सार्कीका सासु आमाको दुःखत निधन भएकोमा नगर कार्यपालिकाको बैठकले गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्ने र शोकसंतप्त परिवारजन तथा इष्टमित्रहरूमा गहिरो समवेदना व्यक्त गर्ने ।

१२. यस नगरपालिकाको प्रमुख प्रशासकीय भवन निर्माणको क्रममा गत आर्थिक वर्षमा उठाइएको प्रथम रनिङ बील बमोजिमको रकममध्ये रकम अभावका कारण भुक्तानी हुन बाँकी रकम बाउन्न लाख उनपचास हजार छ सय चौसठ्ठी यस चालू आर्थिक वर्षको बजेटबाट भुक्तानी गर्ने ।

१३. फलेवास नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को दफा ९६ को उपदफा (१) मा भएको व्यवस्था देहाय बमोजिम संशोधन गर्नेः

देहायः

ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) बमोजिम खरिद गर्दा उपनियम (११) को अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतको निर्णयले दश लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य र मालसामान सोझै खरिद गर्न सकिनेछ । तर परामर्श सेवा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१४. गण्डकी प्रदेश सरकारले मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको माग सम्बन्धमा मिति २०७९।०५।२४ गते सार्वजनिक गरेको सूचना बमोजिम यस नगरपालिकाको

लागि सूचना प्रविधिमा आधारित विद्यूतीय सुशासन परियोजना माग गर्न सोही सूचनामा उल्लेख भएबमोजिम विद्यूतीय माध्यमबाट अवधारणापत्र पेश गर्ने ।

१५. गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ बमोजिम यस कार्यालयले पेश गर्ने सूचना प्रविधिमा आधारित विद्यूतीय सुशासन परियोजनाको लागि नगरपालिकाले कार्यविधिबमोजिम साझेदारी गर्नुपर्ने रकमको सुनिश्चितता गर्ने ।

१६. गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ बमोजिम यस कार्यालयले पेश गर्ने सूचना प्रविधिमा आधारित विद्यूतीय सुशासन परियोजनाको अनुगमन निरीक्षण तथा सहजीकरण सहित सफल कार्यान्वयनको लागि यस नगरपालिकामा देहाय बमोजिमको सहजीकरण समिति गठन गर्ने ।

देहाय

परियोजना कार्यान्वयन सहजीकरण समिति

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उपप्रमख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| सूचन प्रविधि अधिकृत | सदस्य सचिव |

१७. गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ बमोजिम यस कार्यालयले पेश गर्ने सूचना प्रविधिमा आधारित विद्यूतीय सुशासन परियोजनाको सफल कार्यान्वयन भई निर्माण सम्पन्न पश्चात समेत नगरपालिकाले अपनत्व ग्रहण गरी मर्मत सम्भार समेत दीगोपनाको जिम्मेवारी लिने ।

१८. आर्थिक वर्ष २०७७।७८ को नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको व्यवस्था बमोजिम स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा यस नगरपालिकाले प्राप्त गरेको अंक ८६.२५% लाई स्वीकृत गर्ने र सो विवरण कार्यालयको वेभसाइटमा समेत सार्वजनिक गर्ने ।

१९. आर्थिक वर्ष २०७७।७८ को नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको व्यवस्था बमोजिम स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनमा यस नगरपालिकाले प्राप्त गरेको अंक ८७.५% लाई स्वीकृत गर्ने र सो विवरण कार्यालयको वेभसाइटमा समेत सार्वजनिक गर्ने ।

२०. यस नगरपालिकाको प्रमुख प्रशासकीय भवनसम्म आउने कच्ची सडक झकलकदेखि नगरपालिकाको प्रमुख प्रशासकीय भवन हुँदै राहालेसम्म कालोपत्रे गर्नको लागि आवश्यक पर्ने बजेट प्राविधिकहरूबाट लागत अनुमान तयार गर्न लगाई गण्डकी प्रदेश सरकार, भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय र गण्डकी प्रदेश सरकार, अर्थ मन्त्रालयमा माग गरी पठाउने ।